# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५नं. प्रदेश

प.सं.: ०७७/०७८/प्रशासन
च.नं.: ९३

मितिः२०७७/०४/०२

विषयः सूचना प्रकाशन गर्ने बारे।

श्री वडा कार्यालयहरु(सबै)
ति. न. पा., रुपन्देही।

प्रस्तुत विषयमा श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजागार कार्यक्रम) च.नं./PMEP/१७५ प.सं. २०७६/७७ मिति २०७७/०३/३० गतेको पत्रनुसार बेरोजगार व्यक्तिहरुले वडा कार्यालयमा निवेदन दिने समय २०७६ चैत्र १ गते प्रारम्भ भइ कोरोना भाइरसका कारण प्रभावित भएकोमा नेपाल सरकार (मा. मन्त्रीस्तरको) मिति २०७७/०३/३० गतेको निर्णय बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने समय २०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ सम्म भएकाले बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गर्नुहुन तथा आ-आफ्नो वडा भित्र सबै टोलहरुका बेरोजगार व्यक्तिहरु समक्ष सूचना पुग्ने व्यवस्था मिलाउनुहुनका साथै रितपूर्वक भरिएका फारमहरु २०७७ भाद्र ७ गतेसम्म तहाँ कार्यालयमा संकलन गरी २०७७ भाद्र १० गते भित्र सूची सहित यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा पठाउनुहुन अनुरोध छ। सूचना र अनुसूची १ बमोजिमको फारम संलग्न छ।

२०७७/०४/०२

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**मणिग्राम, रुपन्देही, ५नं. प्रदेश**

प.सं.: ०७७/०७८/प्रशासन
च.नं.:

मिति: २०७७/०४/०२

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना !**

**रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री र रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ र नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा चालु आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्ने इच्छुक बेरोजगार व्यक्तिहरुले *२०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ गतेसम्म* यस नगरपालिका भित्रको आफूले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ (संशोधित) बमोजिम हुनु पर्नेछ। निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।**

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः**

१. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको।
२. निवेदन दिंदाको मितिसम्म सोहि आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको।
३. १८ वर्ष देखि ५९ वर्ष उमेर समुहको।
४. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातः**

१. निवेदक सहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको तिलोत्तमा नगरपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकता प्रमाणपत्रको स्पष्ट देखिने प्रतिलिपि। **(नोटः नागरिकतामा स्थायी बसोबास तिलोत्तमा नगरपालिका नदेखिएमा बसाइसराइ वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकता नभएका सदस्यहरुको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)**
२. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्ट को प्रतिलिपि (पासपोर्ट नं., भिसा र फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि)।
३. पासपोर्ट साइजको फोटो १ प्रति।

*[पुनश्चः बेरोजगार व्यक्तिहरुले अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित सम्पूर्ण विवरणहरु (बुंदा नं. १४ मा रहेको आफ्नो परिवारका सम्पूर्ण व्यक्तिहरुको पूर्ण विवरण र बुंदा नं. १५ मा रहेको वार्षिक पारिवारिक आय समेत पूर्ण रुपमा) अनिवार्य रुपमा भर्नुपर्नेछ। पूर्ण रुपमा नभरेको फारम रोजगार सेवा केन्द्रले सुचिकृत गर्न बाध्य हुनेछैन। आ.ब. २०७७/०७८ का लागि खुलेको सूचना अनुसार २०७६ चैत्र १० गतेसम्म (बन्दाबन्दी सुरु हुनुभन्दा अगाडी) निवेदन दिएका ब्यक्तिहरुले पुनः निवेदन दिईरहनु पर्नेछैन। निवेदकले पेश गर्ने प्रमाणपत्रहरुको प्रतिलिपि सक्कल बमोजिम नक्कल सहि छ भनि आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ। थप जानकारीका लागि तिलोत्तमा नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ]*

सम्पर्क नं. ९८४७११५३९६
रोजगार सेवा केन्द्र, ति. न. पा.

मधुसुदन प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(प्रधामन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## बेरोजगार दर्ताका लागि दिने निवेदन

(मिति २०७७/०३/३० गते मा. मन्त्रीस्तरको निर्णयानुसार संसोधित)

श्री वडा कार्यालय, मिति: ..........................

वडा नं ..... ........................................... गाउँपालिका / नगरपालिका, ................................... जिल्ला

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार / प्रदेश सरकार / स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. **नाम, थर:** ....................................................................................................

२. **लिङ्ग:** (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. **पारिवारिक विवरण:**

(अ) **वर्ग / समूह** : (तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिबासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य ......... |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) **अल्पसंख्यक समूदाय** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(इ) **लोपोन्मुख जनजाती** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(ई) **सीमान्तकृत वर्ग** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो? ) हो होइन

(उ) **परिवारको संख्या:**

१. **महिला:** ................. **पुरुष:** ................. **अन्य:** ................. **जम्मा:** ..........................

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्या: ..........................

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य** (कुनै एकमा √ लगाउनुहोस): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नाम: ............................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
२. नाम: ............................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
३. नाम: ............................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ? [ हो ] [ होइन ]

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस् )

गर्भवती: ................... महिना वा सुत्केरी भएमा :..................... महिना

४. स्थायी ठेगाना: प्रदेश: ........................... जिल्ला: ................................. न.पा. / गा.पा.: .......................... वडा नं.: .........

५. सम्पर्क विवरण (उपलव्ध भए सम्म) मोबाइल नं. ................................................ इमेल: ............................................

६. आवेदकको मुख्य पेशा (कुनै एकमा मात्र √ लगाउनुहोस्):

| क.सं. | पेशा | | क.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमा मात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा मात्र) | | घ) | ज्याला मजदुरी | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य ........................................... | |

७. निवेदक चालु आ. व. मा रोजगारीमा संलग्न दिन संख्या : ............................................ दिन

८. निवेदकले चालु आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. .................................

९. आवेदक कृषिमा आश्रित परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न १० मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

क) कृषि उत्पादनले कति महिना खान पुग्दछ ? ............................... महिना

१०. बसोबासका लागि आफ्नै घर: (कुनै एकमा √ लगाउनुहोस) [ भएको ] [ नभएको ]

११. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१२. निवेदक शहिद परिवार या बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१३. परिवारमा काम गर्ने उमेर समूह (१८ देखी ५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य (कुनै एकमा √ लगाउनुहोस) [ छ ] [ छैन ]

(यदि उत्तर 'छैन' भने कारण खुलाउनुहोस् । कारणहरु ........................................................ ....................................

...................................................... ............................................... .............................. ......................... .............

...................................................... ............................................... .............................. ......................... .............)

१४. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क्र. सं. | नाम | निवेदकसँगको नाता | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यामिक / उच्च माध्यामिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नंबर | जारी मिति | जारी जिल्ला | | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१५. परिवारको वार्षिक आय: रु. ...................................... (अक्षरेपी ......................................................................................................................................)

१६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भएमा बुँदा २० मा जानुहोस् ) [ छु ] [ छैन ]

१७. सीपको विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष |
|---|---|
| | |
| | |

१८. काममा खटिन चाहेको सम्भावित समय: ............................ महिना देखि .......................... महिना सम्म

१९. बैंक खाताको विवरण (उपलव्ध भएमा) बैंकको नाम: ..............................................................

बैंकको ठेगाना: .......................................... खाता नंबर: ..............................................खाताको प्रकार: .................

२०. निवेदक चालु आर्थिक वर्षको सूचिकृत बेरोजगार हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २१ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्।)

क) लाभग्राही परिचय पत्र नंबर ................................................................

२१. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो?
(कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २२ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

देश ........................................................... पासपोर्ट नं. ....................................

विदेशमा गरेको कामसंग सम्बन्धित सीप ..........................................................................
......................................................................................................................
......................................................................................................................

२२. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: ............................................ मिति: ................................................ हस्ताक्षर ...................................

| | |
|---|---|
| | |
| दायाँ | बाँया |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ....................................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

नाम: ..................................................... हस्ताक्षर ..........................................